बनेपा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक

बागमति प्रदेश, नेपाल

## शौचालय दस्तुर उठाउने सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०३/१३ )

यस नगरपालिकाको शौचालय दस्तुर लगाउने काम ठेक्का बन्दोबस्तद्धारा गर्नुपर्ने भएकाले योग्य इच्छुक व्यक्ति वा दर्तावाला संस्थाले यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले एकतिसौं दिनभित्र शिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | न्यूनतम बार्षिक कबोल अंक कर सहित | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | रा. ३/२०७८/७९ | पुरानो सपिङ्ग कम्प्लेक्सको दायाँबायाँ रहेका दुईवटा र नयाँ सपिङ्ग कम्प्लेक्समा रहेको एउटा समेत जम्मा तीनवटा शौचालय सञ्चालन | रु २०,००,०००/ (रु बिस लाख मात्र ) | रु १,००,०००/- (रु एक लाख मात्र) | |

द्रष्टव्य: बोलपत्र सम्बन्धी विस्तृत विवरण यस नगरपालिकाको वेभसाइट www.banepamum.gov.np मा हेर्न सकिने छ ।

---

श्रीमान ,

उल्लेखित बमोजिमको सूचना स्थानिय दैनिक तथा साप्ताहिक पत्रिकामा प्रकाशन गर्न स्वीकृतिको लागि अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत

बनेपा नगर कार्यपालिकाको कार्यालय

# शौचालय दस्तुर उठाउने सम्बन्धी

बोलपत्र आवह्रानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०३/१३)

यस बनेपा नगरपालिकाको स्वामित्वमा रहेको बनेपा नगरपलिका वडा नं ८ बसपार्क स्थिति पुरानो सपिङ्ग कम्पलेक्सको दायाँबायाँ रहेका दुईवटा र नयाँ सपिङ्ग कम्प्लेक्समा रहेको एउटा समेत जम्मा तीनवटा शौचालयहरु आ.व. २०७९/८० को अवधिभरको लागि सञ्चालन गर्न ठेक्कामा दिन यो सूचना प्रकाशन गरिएको छ । शौचालय रहेको क्षेत्र वरपर समेत सरसफाई गर्ने गरी उल्लेखित शौचालय सञ्चालन गरी नगरपालिकाले तोकीदिएको दरमा शुल्क असुल गर्न चाहने इच्छुक नेपाली नागरिक वा दर्तावाला संस्थाले वार्षिक रुपमा कतिसम्म रकम यस नगरपलिकालाई बुझाउने हो सो को अंक र अक्षरमा समेत स्पष्ट उल्लेख गरि निम्न शर्तहरुलाई ध्यानमा राखी उल्लेखित प्रथम पटक सूचना प्रकाशित भएका मितिले एकतीसौ दिन भित्र शिलबन्दी बोलपत्र प्रस्तुत हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फारम रु १,०००/- (रु एक हजार मात्र) तिरी यस कार्यालयको राजश्व शाखाबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले तीसौं दिन कार्यालय समयमा प्राप्त गर्न सकिने छ ।

२. खरिद गरिएका बोलपत्र फारमहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले एकतीसौ दिन दिनको २:०० बजे सम्म दर्ता गर्न सकिने छ ।

३. दर्ता भएका बोलपत्र फारमहरु यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले एकतिसौ दिनदिनको २:१५ बजे नियमानुसार यस कार्यालयमा खोलिने छ ।

४. बोलपत्र फारम खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन बिदा परेमा क्रमश: सो को भोलिपल्ट खरिद गर्ने, दाखिला गर्ने र खोल्न सकिने छ ।

५. शिलबन्दी बोलपत्र फारम खोल्ने समयमा बोलपत्रवाला वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी फारम खोल्न बाधा पर्ने छैन ।

६. धरौटीको रुपमा यस कार्यालयले तोकेको न्यूनतम वार्षिक कबोल अंकको पाँच प्रतिशत रकम रु १,००,०००/- (रु एक लाख मात्र) रकम नेपाल बैंक लिमिटेड, बनेपा शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं ०१५०३००००३०००००००१ मा जम्मा गरेको सक्कल भौचर बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ ।साथै स्वीकृत बोलपत्रदाताले कबोल अंको पुरै अग्रिम जम्मा गरेमा पाँच प्रतिशत छुट दिइनेछ ।

७. स्वीकृत बोलपत्रवालाले शर्त नं.६ बमोजिम अग्रिम रकम जम्मा नगरेमा ठेक्का सम्झौता नगरेमा ठेक्का सम्झौता गर्दा ठेक्का रकमको कम्तिमा एक तिहाई बराबरको रकम प्रथम किस्ता बापत बुझाउनु पर्नेछ । एवम रितले दोस्रो किस्ता रकम पहिलो किस्ताको समय भुक्तान हुनुभन्दा एक महिना अगावै बुझाइसक्नु पर्नेछ ।

८. स्वीकृत बोलपत्रदाताले वार्षिक कबोल अंक अग्रिम बुझाएको अवस्थामा बाहेक आफूले कबोल गरेको कुल रकमको सतसठ्ठी प्रतिशतले हुन आउने रकम बराबरको मान्यता प्राप्त बैंकबाट मिति २०८० साल साउन पन्ध्र गते सम्मको लागि जारी भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ । यदी सम्झौता बमोजिम समयमा किस्ता रकम नबुझाएमा यसरी राखिएको बैंक ग्यारेन्टी रोक्का राखी लिनु उठाउने रकम असुल उपर गरिने छ ।

९. शोचालय ठेक्कामा लिए बापत बुझाउनुपर्ने सम्पूर्ण कर दस्तुरहरु बुझाउने दायित्व स्वीकृत बोलपत्रदातामा रहने छ । साथै नगरपालिकाको परिचय-पत्र उपलब्ध गराएको व्यक्तिहरुबाट शौचालय शुल्क लिन पाइने छैन ।

१०. स्वीकृत बोलपत्रदाताले जनही दिशा-पिसाब गरेबापत रु ५/- का दरले मात्र शौचालय शुल्क असुल गर्न पाइने छ ।

११. स्वीकृत बोलपत्र दाताले शौचालय संचालनका क्रममा आइपर्ने शौचालय जाम हुने लगायतका समस्याको समाधान स्वयमले गर्नुपर्ने छ ।

१२. अस्वीकृत बोलपत्र वालाको धरौटी नियमानुसार फिर्ता गरिने छ ।

१३. कुनै पनि बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार बनेपा नगरपालिकामा सुरक्षित रहने छ ।

१४. बनेपा नगरपालिकालाई तिर्नु बुझाउनुपर्ने रकम बक्यौता हुने व्यक्तिको बोलपत्र स्वीकृत हुने छैन ।

**कामको विवरण**

| क.स. | ठेक्का नं. | कामको विवरण | न्यूनतम बार्षिक कबोल अंक कर सहित | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | रा. ३/२०७८/७९ | पुरानो सपिङ्ग कम्प्लेक्सको दायाँबायाँ रहेका दुईवटा र नयाँ सपिङ्ग कम्प्लेक्समा रहेको एउटा समेत जम्मा तीनवटा शौचालय सञ्चालन | रु २०,००,०००/ (रु बिस लाख मात्र ) | रु १,००,०००/- (रु एक लाख मात्र) | |